बैठक नं. २४

आज मिति २०७९ चैत्र १५ गते, बुधबार दिनको ४:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. सदस्य सचिव श्री कृष्ण गिरी

**<u>विषयहरु :</u>**

**१. प्रगतिशील भजन प्रतियोगिता बारे ।**

**२. करारमा कर्मचारी नियुक्ति बारे ।**

**३. भक्तपुर घरेलु उत्पादन मेला बारे ।**

**४. विस्का जात्रा सम्बन्धी सद्भाव र्‍याली बारे ।**

**५. सी.सी. क्यामेरा जडान बारे ।**

**६. इन्डक्सन हिटर बारे ।**

**७. समिति निर्णय अनुमोदन बारे ।**

**८. विविध ।**

**<u>निर्णयहरु :-</u>**

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७९ चैत्र १७ गते, शुक्रवार हुने भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगिताको पुरस्कार वितरण समारोह नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा गर्ने निर्णय गरियो ।

२. क. यस नगरपालिकाको लागि कृषि स्नातक पद करार सेवामा पदपूर्ति गर्न कृषि स्नातक प्राविधिक पदपूर्ति सम्बन्धी मूल्यांकन तथा सिफारिस समितिबाट मिति २०७९।१०।२१ गते प्रारम्भिक योग्यताक्रमबाट छनौट भएका आवेदकहरुलाई मिति २०७९।१०।१३ गते लिएको लिखित परीक्षा र मिति २०७९।११।२१ गते लिएको अन्तर्वार्तामा उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा उत्तीर्ण भएका सफल उम्मेदवार श्री रवि ख्याजुलाई आवश्यक करार सम्झौता गरी नियुक्ति गर्न उक्त समितिबाट सिफारिस भई आएको हुंदा निज रवि ख्याजुलाई कृषि स्नातक पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिकाको लागि रोजगार सहायक पद करार सेवामा पदपूर्ति गर्न मिति २०७९।१०।१३ गतेको रोजगार सहायक पदपूर्ति समितिबाट लिएको लिखित परीक्षा र मिति २०७९।११।१८ गते लिएको

प्रयोगात्मक परीक्षामा उम्मेदवारले प्राप्त गरेको अंकको आधारमा उत्तीर्ण भएका सफल उम्मेदवार श्री राम प्रसाद बोह्जुलाई करार सम्झौता गरी रोजगार सहायक पदमा नियुक्ति गर्न उक्त समितिबाट सिफारिस भई आएको हुंदा  निज राम प्रसाद बोह्जुलाई रोजगार सहायक पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

३. भक्तपुरको स्थानीय उत्पादनबाट पर्यटन प्रवर्द्धनको लागि भक्तपुर नगरपालिकाको आयोजना र भक्तपुर घरेलु तथा साना उद्योग संघ तथा भक्तपुर पर्यटन विकास समितिको सहकार्यमा मिति २०७९ चैत्र १८ र १९ गते भक्तपुर घरेलु उत्पादन मेला २०७९ आयोजना गर्ने निर्णय गरियो । उक्त मेलाको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छें ( रोहित) ज्यूको प्रमुख आतिथ्यमा गर्ने निर्णय गरियो ।

४. विश्व प्रसिद्ध विस्का जात्रा, २०७९ शान्तिपूर्ण र भव्यताकासाथ सम्पन्न गर्न सुरक्षा निकाय, गुठी संस्थानलगायत सरोकारवाला सबैको सहभागितामा मिति २०७९ चैत्र २६ गते विहान ७:०० बजे सद्भाव ऱ्याली गर्ने निर्णय गरियो ।

५. भक्तपुर नगरपालिकाका विभिन्न आवश्यक स्थानहरुमा भक्तपुर उद्योग वाणिज्य संघलगायत सम्बन्धित पक्षहरुसँग सहकार्य गरी सी.सी. क्यामेरा जडान गर्ने निर्णय गरियो ।

६. बागमती सरकारको आ.व.२०७८/०७९ र २०७९/०८० को लागि पूँजीगत शःसर्त अनुदान अन्तर्गत स्थानीय विपन्न गरिब परिवारलाई सुधारिएको चुल्हो सहयोग गर्न प्राप्त अनुदान रकमबाट खरिद गरिएको ६०० थान इन्डक्सन चुल्हो यस नगरपालिकाको वडा समिति मार्फत प्रत्येक वडामा ६०/६० वटाका दरले लक्षित समूहलाई वितरण गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**क  शिक्षा, संस्कृति था स्वास्थ्य समिति**

मिति २०७९।१२।१३. गतेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा यही २०७९ चैत्र १७ गते शुक्रवार हुने भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगिता भनपा ५ खलाँमा गर्ने निर्णय गरियो ।

भजन प्रतियोगिताको उद्घाटन र्‍याली देहाय अनुसारको स्थानबाट शुरु गर्ने :

भ.न.पा. १ देखि ५ वडा सम्म

र्‍याली शुरु हुने स्थान : इनागा, भार्वाचो

समय : विहान १०:०० बजे

भ.न.पा. ६ देखि १० वडासम्म

र्‍याली शुरु हुने स्थान : दत्तात्रय

समय विहान ७:०० बजे

२. प्रगतिशील भजन प्रतियोगितामा उत्कृष्ट हुनेहरुलाई देहाय अनुसार पुरस्कारको व्यवस्था गर्ने निर्णय गरियो :

प्रथम स्थान हासिल गर्नेलाई - नगद रु.२५,०००।- (मादल एक, तबला एक जोडा, तँ एक जोडा, छ्यालिंचा एक जोडा)

द्वितीय स्थान हासिल गर्नेलाई - नगद रु. २०,०००।- (मादल एक, तं एक जोडा, छ्यालिंचा एक जोडा

तृतीय स्थान हासिल गर्नेलाई - नगद रु. १५,०००।- (मादल एक, तं एक जोडा)

सान्त्वना स्थान हासिल गर्नेलाई - नगद रु. १०,०००।- (मादल एक, छ्यालिंचा एक जोडा )

सान्त्वना स्थान हासिल गर्नेलाई - नगद रु. १०,०००।- (मादल एक, छ्यालिंचा एक जोडा

उत्कृष्ट कलाकार गायनतर्फ - नगद रु. ५,०००।-

उत्कृष्ट कलाकार बाजातर्फ - नगद रु. १०,०००।-

सहभागी टोलीलाई खाजा वापत - नगद रु. २,५००।- प्रति टोली

सहभागी सबै टोलीलाई मादल एक/एक थान

३. प्रगतिशील भजन प्रतियोगिताको लागि देहाय बमोजमका विज्ञहरुलाई निर्णायक मण्डलमा छनौट गर्ने निर्णय गरियो :

१. चन्द्र बहादुर उलक

२. पुष्पलाल सुजखू

३. बद्री नारायण ताम्राकार

४. ओम प्रकाश श्रेष्ठ

५. विष्णु बहादुर मानन्धर

६. दामोदर सुवाल

७. इन्दिरा लाछिमस्यू

४. प्रगतिशील भजन प्रतियोगिता संचालनका लागि आवश्यक रकम खर्चका लागि समितिका सदस्य कृष्णाप्यारी भुजु (जधारी) लाई पेश्की वापत रु.३,००,०००।– (अक्षेरुपी तीन लाख रुपैया) मात्र लिन कार्यपालिकामा अनुरोध गर्ने निर्णय गरियो ।

## ख. आर्थिक तथा लेखा समिति

मिति २०७९।१२।३ गते बसेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाभित्र संचालित सहकारी संस्थाहरुबाट सदस्यहरुलाई प्रदान गर्ने ऋणका सरोकारहरुका (नभएका संस्थाहरुमा) शैक्षिक ऋण र युवा उद्यमशील ऋणको शीर्षक थप गरी संस्थाबाट वार्षिक रुपमा ऋण प्रदान गर्ने जम्मा ऋणको शैक्षिक ऋण २.५ प्रतिशत र युवा उद्यमशील ऋण २.५ प्रतिशत हुने गरी अनिवार्य रुपमा ऋण प्रवाह गर्नुपर्ने सूचना प्रकाशित गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

मिति २०७९।१२।६ गते बसेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. ६६ औं सहकारी दिवसको उपलक्ष्यमा मिति २०७९ चैत्र २० गते ख्वप इन्जिनियरिङ्ग कलेजमा दिनको १:०० बजे प्रवचन कार्यक्रम गर्ने निर्णय गरियो । उक्त कार्यक्रममा भक्तपुर नगरपालिकासंग आवद्ध सहकारीहरुको समेत सहभागिताको लागि अनुरोध गर्ने निर्णय गरियो । उक्त कार्यक्रमको लागि चिया नास्ताको समेत बन्दोबस्त गर्ने निर्णय गरियो ।

## ग. सूचिकरण समिति

भक्तपुर नगरपालिकाको "साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास हुने र सूचीकरण सम्बन्धि कार्यविधि २०७७" अनुसार नक्सा पास हुने र सूचिकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भै नक्सा सूचिकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका वैठकमा पेश भएका निम्न विवरण अनुसार निर्णय गरियो :

| क्र.सं. | नाम | निर्माण स्थल | कि.नं. | क्षे.फ. | सूचिकरण समितिको सिफारिस विवरण | सूचिकरण समितिको सिफारिस मिति | कार्यपालिकाको वैठकको निर्णय |
|---|---|---|---|---|---|---|---|
| १ | बाल कृष्ण प्रजापति | भ.न.पा. वडा नं. ८ साविक २ | ४८ | ०-४-२-१ | नक्सा पास | २०७९।०९।१९ | नक्सा पास |
| २ | पुण्यराम सुवाल समेत | भ.न.पा. वडा नं. २ साविक १५ | १५६ र १५९ | ०-१-२-० र ०(३(०(२ | सूचीकरण | २०७९।०९।१९ | सूचीकरण |
| ३ | न्हुछे माया मानन्धर | भ.न.पा. वडा नं. २ साविक १५ | ३३१ र ३३३ | ०-२-२-० र ०(०(२(० | सूचीकरण | २०७९।०९।१९ | सूचीकरण |
| ४ | पूर्ण केशरी लाखेमरू | भ.न.पा. वडा नं. ८ साविक २ | ४६२ | ०-२-२३ | सूचीकरण | २०७९।०९।१९ | सूचीकरण |
| ५ | विकु नारायण शाही | भ.न.पा. वडा नं. ९ साविक १(छ)४ | ११६ | ०-६-३-२.६ | सूचिकरण | ०७९।१०।१० | सूचिकरण |
| ६ | न्हुछे भगत सुवाल | भ.न.पा. वडा नं. २ साविक १० | २५५ | ०-१-०-० | सूचिकरण | ०७९।१०।१० | सूचिकरण |
| ७ | पशुपति कवां | भ.न.पा. वडा नं. ७ | ८४४ | ०-१-३-० | सूचिकरण | ०७९।१०।१० | सूचिकरण |
| ८ | युहन्ना राज धौभडेल | भ.न.पा. वडा नं. हाल १ साविक १७ | १६९५ | ०-४-३-१ | सूचिकरण | ०७९।१०।१० | सूचिकरण |
| ९ | रमेश कोजु | भ.न.पा. वडा नं. २ साविक १० | १० | ०-६-२-० | सूचीकरण | २०७९।१२।०१ | सूचीकरण |
| १० | ज्ञान केशरी दुवाल बाग | भ.न.पा. वडा नं. ९ | ८८ | ०-४-०-३.३२ | नक्सा पास | २०७९।१२।०१ | नक्सा पास |
| ११ | कृष्ण कुमार सुवाल | भ.न.पा. वडा नं. २ साविक १० | २५४ | ०-१-०-० | सूचीकरण | २०७९।१२।०१ | सूचीकरण |

| १२ | सुवर्ण कोजु | भ.न.पा. वडा नं. २ साविक १० | १० | ०-६-२-० (मध्ये) | सूचीकरण | २०७९।१२।०१ | सूचीकरण |
|---|---|---|---|---|---|---|---|

**ख. भक्तपुर नगरपालिकाको मिति २०७९।१२।१५ कार्यपालिका वैठकले यस नगरपालिका क्षेत्रमा २०७२ बैशाख मसान्त अघि नै ९''x९'' र ९''x१२'' पिलर राखी भवन निर्माण गरेका नगरवासीहरुको नक्सा सम्बन्धमा निर्माण समितिबाट निम्न मितिमा देहायका नगरवासीहरुको नक्सा फिल्ड निरीक्षण गरी तल्ला थप नक्सा स्वीकृतिको लागि प्रक्रिया अगाडि बढाउने भनी गरिएको निर्णय अनुमोदन गरियो :**

| क्र. सं. | निवेदकको नाम/थर | निर्माण ठेगाना | कि.नं. | क्षेत्रफल | विवरण | निर्माण समिति निर्णय मिति |
|---|---|---|---|---|---|---|
| १. | मैंया सांढ | भ.न.पा. वडा नं. १० साविक वडा नं. ४ | ४६१ र ४६२ | ०-१-०-० र ०-१-०-० | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।१०।१८ |
| २. | राम कुमारी प्रजापति | भ.न.पा. वडा नं. ८ साविक वडा नं. २ | १४२ | ०-५-३-० | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।१०।१८ |
| ३. | तुल्सी नारायण कोजु | भ.न.पा. वडा नं. १० साविक वडा नं. ४ | ६५१ | ०-४-०-० | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।१०।१८ |
| ४. | रमेश सुवाल | भ.न.पा. वडा नं. ८ साविक वडा नं. २ | १४३ | ०-५-०-२ | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।११।३० |
| ५. | जगतेश्वरी शिल्पकार व्याञ्जु | भ.न.पा. वडा नं. १० साविक वडा नं. ४ | २४७ | ०-४-०-० | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।११।३० |
| ६. | पंच लाल गुज | भ.न.पा. वडा नं. ८ साविक वडा नं. २ | ३०५ | ०-१-३-१.७५ | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।११।३० |
| ७. | राम लक्ष्मी प्रजापति | भ.न.पा. वडा नं. ९ साविक वडा नं. १ | ९९ | ०-४-०-१ | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।११।३० |
| ८. | पञ्च कुमार लैवा | भ.न.पा. वडा नं. १० साविक वडा नं. ४ | ५१२ | ०-२-२-२ | ९''X१२'' पिलर साईजमा तल्ला थप नक्सा पेश । | २०७९।११।३० |

## घ. मूल्यांकन समिति

**१. मिति २०७९ चैत्र १ गतेको मूल्यांकन समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :**

**भ.न.पा. वडा नं. ८ स्थित शीत भण्डारण गृह भवन निर्माण कार्य (पहिलो चरण) (ठेक्का नं.** bktmun/works/C1/79/80) **गर्नका लागि म्यादभित्र प्राप्त बोलपत्रदाताहरुको मूल्यांकन समितिमा**

**छलफल हुंदा श्री** Jay Kalika Builders and Engineering Pvt.Ltd, Kathmandu **को प्रस्ताव न्यूनत्तम अंक भ्याटसहित** रु.५८,२७,३१५।२३ (**अक्षेरुपी अन्ठाउन्न लाख सत्ताइस हजार तीन सय पन्ध्र रुपैयां तेइस पैसा मात्र**) **कबोल गरेको हुंदा सो बोलपत्रदाताको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सो बोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।**

| मिति २०७९/१२/१५ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरू : | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **निर्माण समितिको मिति २०७९/११/३० गतेको बैठकको निर्णयहरू :** | | | | | | | | | | | | |
| **क्र.सं** | **योजनाका विवरण** | **वडा नं** | **बजेट शीर्षक** | **ल.ई.रकम** | **रिल.ई/ कबोल रकम** | **पेश्की** | **खर्च रकम** | **भुक्तानी रकम** | **मूल्यांकन रकम** | **योजनाको अवस्था** | **कार्य गर्ने** | **कैफियत** |
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | गपलीदेखि दोका फल्चासम्म ढुंगा छपाई मर्मत कार्य | ४ | थन्थु दरबार | २,२०९,०८३।१२ | | | | | | | | |
| २ | इन्द्रायणी पीठ मन्दिर परिसरमा ढुंगा छपाई कार्य | २ | शहिद स्मृति खेल मैदान | १,१९४,३७१।४५ | | | | | | | | |
| ३ | जिल्ला प्रशासन कार्यालय भक्तपुर कार्यालय परिसरमा सेफ्टी ट्याङ्की र ढल व्यवस्थापन कार्य | ३ | मर्मत | २०९,७०५।३८ | | | | | | | | |
| ४ | कमलविनायक प्लानिंग बाटोको ढल निकास व्यवस्थापन कार्य | १० | मर्मत | ९५,३३६।५१ | | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सिंहाख्वाते पर्ति जग्गा संरक्षणका लागि रिटेनिंग वाल निर्माण कार्य | १ | पर्ति जग्गा संरक्षण तथा सिमाङ्कन शीर्षक | १,५९७,८०९।४५ | | | उ.स.अ. : श्री रन्जन बमनु<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिशु स्याहार केन्द्रमा ब्लक छाप्ने कार्य | १ | मर्मत | ५७६,३९१।५० | | १९०,०००।०० | ४२७,४००।०० | २३७,४००।०० | ४६४,७७७।६२ | सम्पन्न | नवराज धौगोडा | |
| २ | शिशु स्याहार केन्द्रमा भवनमा प्लास्टर गरी मर्मत गर्ने कार्य | १ | मर्मत | २४६,४२५।६० | | ८०,०००।०० | १४५,५९३।५० | ६५,५९३।५० | १६७,०६३।११ | सम्पन्न | पीयुष दुमरू | |
| ३ | कमलविनायक पोखरीको दक्षिणतर्फको ढुंगाको बाउण्डरी वाल मर्मत कार्य | १० | मर्मत | ३७६,६२२।८८ | | ९९,०००।०० | ३७२,८००।३६ | २७३,८००।३६ | ३८९,१४९।७८ | सम्पन्न | पुण्यराम दुमरू | |
| ४ | महेश्वरी ग्यारेजमा कम्पोष्ट मल बनाउने मेशिन जडान गर्न आवश्यक पानी ट्यांकीको स्टयान्ड र भऱ्याङ बनाउने | ७ | मर्मत | ८४,६३६।९६ | | | १२,३०७।०७ | ज्याला रू. १०,३५०।०० भुक्तानी गर्ने | १२,३०७।०७ | सम्पन्न | अमानतबाट | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| ५ | महेश्वरी ग्यारेजमा फोहोर प्रशोधन गर्ने मेशिनको लागि बेस ढलान गर्ने | ७ | मर्मत | ८४,९३३।९४ | | | ६५,५७०।५३ | ज्याला रू. १२,७००।०० भुक्तानी गर्ने | ७६,८६७।४१ | सम्पन्न | अमानत बाट | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| ६ | महेश्वरी ग्यारेजमा फोहोर प्रशोधन गर्ने मेशिनको फोहोर पानी जाने निकासको व्यवस्थापन गर्ने | ७ | मर्मत | ५३,१२२।८६ | | | २२,१३१।०० | ज्याला रू. ४,०५०।०० भुक्तानी गर्ने | २२,६०१।२५ | सम्पन्न | अमानत बाट | सामान जिन्सी उपशाखा बाट प्राप्त |

**निर्माण समितिको मति २०७९/१२/१० गतेको बैठकको निर्णयहरू :**

| **क्र.सं** | **योजनाका विवरण** | **वडा नं** | **बजेट शीर्षक** | **ल.ई.रकम** | **रिल.ई./ कबोल रकम** | **पेश्की** | **खर्च रकम** | **भुक्तानी रकम** | **मूल्यांकन रकम** | **योजनाको अवस्था** | **कार्य गर्ने** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हनुमन्ते खोला सुधार (सल्लाघारी पुलदेखि धालाखुसी पुलसम्म दोस्रो चरण) | १ | राष्ट्रिय योजना आयोग विशेष बजेट | १२,४७२,३४०।८९ | | | | | | | | सूचना प्रकाशन गर्ने |
| २ | च्याम्हासिंहदेखि जगाती हूँदै सूर्यविनायक चोकसम्म खानेपानी पाइप बिछ्याउने कार्य | ४, ७, ८ र ९ | बागमती प्रदेश सशर्त बजेट खानेपानी | ५,१०९,८४६।०४ | | | | | | | | |
| ३ | सानो व्यासीदेखि जिल्ला प्रशासन कार्यालयसम्मको बाटोमा ढुंगा छपाई कार्य | २ | शहिद स्मृति खेल मैदान | १,७४३,२११।८३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | हनुमानघाट खोला सुधार कार्य | ७ | खोला सुधार | २,०९६,६९२।२० | | | | | | | | |
| ५ | नपा भवन परिसरमा ढुंगा छपाई कार्य (दोस्रो चरण) | २ | इन्द्रायणी द्योछें पुन:निर्माण | २,१३८,८४५।७८ | | | | | | | | |
| ६ | पर्यटक सेवा तथा पर्यटक सूचना केन्द्र, व्यासीमा विद्युतीय व्याकअप प्रणाली जडान कार्य | २ | मर्मत | १८८,८६२।८९ | | | | | | | | |
| ७ | भनपा कार्यालय भवनमा जडित लिफ्ट मर्मत कार्य | २ | मर्मत | २२०,३९५।२० | | | | | | | | कोटेशन लिने |
| ८ | भनपा कार्यालय भवनको सचिवालयमा ताइल छपाई तथा कौसी पानी नचहिने बनाउन ममर्त कार्य | २ | मर्मत | ९९,०९१।३९ | | | | | | | | |
| ९ | पर्यटक सेवा तथा पर्यटक सूचना केन्द्र, खौमा काउण्टरमा श्यानेटरी, विद्युतीय व्याकअप प्रणाली र फर्निचर मर्मत कार्य | ३ | मर्मत | ३८१,३०३।७८ | | | | | | | | |
| १० | भार्वाचो प्रवेश द्वारदेखि च्याम्हासिंह प्रवेश द्वारसम्मको ढुंगा बाटोमा मर्मत कार्य | नपा | मर्मत | ९८,६०१।१२ | | | | | | | | |
| ११ | श्री बाल सेवक निम्न मा.वि. परिसरमा ढल व्यवस्थापन कार्य | ७ | मर्मत | ५१,११५।२२ | | | | | | | | |
| १२ | गोलमढी गणेश मन्दिर तथा सो क्षेत्रमा फ्लोड लाइट जडान कार्य | ७ | मर्मत | ७४,४०२।६९ | | | | | | | | |
| १३ | दत्तात्रय आधारभूत विद्यालयको छाना र कौशी मर्मत कार्य | ९ | मर्मत | ५८६,२७३।२७ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | सवारी साधान पार्किंग बोर्डहरू बनाउने कार्य | १ | मर्मत | २२,३९१।५२ | | | | | | | | |
| १५ | भेलुखेलस्थित तरकारी बजारको कम्पाउण्डभित्र निकास मर्मत कार्य | ५ | मर्मत | ५२९,६७७।९२ | | | | | | | | |
| १६ | खलां लेको बाटो मर्मत कार्य | ४, ५ | मर्मत | ९९,५४६।११ | | | | | | | | |
| १७ | बिस्का जात्रा रूटहरू टौमढी, गहिती, लैको, खलां, ल्योसिंख्यमा सडक बत्ती मर्मत कार्य | ४ | मर्मत | १३७,३११।२० | | | | | | | | |
| १८ | बिस्का जात्रा रूटहरू टौमढी, गहिती, लैको, खलां, ल्योसिंख्यमा सडक बत्ती मर्मत कार्य | ५ | मर्मत | २८५,७०३।०० | | | | | | | | |
| १९ | भनपा कार्यालय भवनमा विद्युतीय ब्याक अप प्रणाली मर्मत कार्य | २ | मर्मत | ४४३,००६।५२ | | | | | | | | कोटेशन लिने |
| २० | भार्वाचोदेखि तचपालसम्म सीसीटीभी मर्मत कार्य | नपा | मर्मत | ४७३,०८४।५९ | | | | | | | | कोटेशन लिने |
| **रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हाडा छें पुन:निर्माण कार्य (पहिलो चरण) | ४ | नपा | १५,८७२,५४५।६८ | ८,७८८,५९३।२९ | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | राममन्दिर पुलदेखि बाराही पुलसम्म खोला सुधार कार्य | ४ | खोला सुधार | ७१८,३८२।०९ | | | उ.स.अ. : श्री सत्यराम मकजु<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| २ | लिबाली कभर्ड हल जाने बाटो पीच कार्य | ८ | सडक कालोपत्रे | २,५५२,८०७।१५ | | | उ.स.अ. : श्री लक्ष्मीनारायण दुवाल<br>अ.स.स. : श्री रामसुन्दर बासी | | | | | |
| ३ | सिचु फल्चा पुन:निर्माण कार्य | ५ | नपा | ४,२६५,००९।१५ | | | उ.स.अ. : श्री पूर्णगोपाल राजचल<br>अ.स.स. : श्री रीता फसिकव | | | | | |
| ४ | मचो भैरव पाटी पुन:निर्माण कार्य | ८ | नपा | ४,६३४,७६१।६४ | | | उ.स.अ. : श्री रामप्रसाद खायमली<br>अ.स.स. : श्री महेन्द्र खायमली | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिंग वाल निर्माण कार्य | ३ | बाग्मती प्रदेश समपुरक अनुदान | ३०,०००,०००।०० | | प्रथम रनिंग बिल | २,१९३,८८८।७९ | २,१९३,८८८।७९ | २,१९३,८८८।७९ | आंशिक सम्पन्न | रिना कन्स्ट्रक्सन प्रा.लि. | दोस्रो रनिंग बिल भुक्तानी |
| | | | | | | दोस्रो रनिंग बिल | ३३१६,९२२।९५ | ३३१६,९२२।९५ | ३३१६,९२२।९५ | | | |
| | | | | | | जम्मा | **५,५१०,८११।७४** | **५,५१०,८११।७४** | **५,५१०,८११।७४** | | | |
| २ | तरकारी बजार व्यवस्थापन कार्य | ५ | नपा | ४,४९०,५६८।१७ | प्रथम पेश्की | १,२००,०००।०० | १,५०१,६२८।६७ | ३०१,६२८।६७ | १,६५५,०३१।३८ | आंशिक सम्पन्न | राजाराम त्वाना बासु | |
| | | | | | दोस्रो पेश्की | १,२००,०००।०० | १,३७०,७८३।४२ | १७०,७८३।४२ | १,७२३,७५३।०८ | | | |
| | | | | | जम्मा | **२,४००,०००।००** | **२,८७२,४१२।०९** | **४७२,४१२।०९** | **३,३७८,७८४।४६** | | | |
| ३ | हाडा छें पुन:निर्माण कार्य (पहिलो चरण) | ४ | नपा | ८,७८८,५९३।२९ | प्रथम पेश्की | १,५००,०००।०० | २,९६८,९४०।५८ | १,४६८,९४०।५८ | ३,७०५,१८४।५८ | सम्पन्न | कृष्ण गोविन्द दुवाल | |
| | | | | | दोस्रो पेश्की | २,७००,०००।०० | ३,७३७,६०३।०० | १,०३७,६०३।०० | ४,८३३,६०३।२४ | | | |
| | | | | | जम्मा | **४,२००,०००।००** | **६,७०६,५४३।५८** | **२,५०६,५४३।५८** | **८,५३८,७८७।८२** | | | |
| ४ | चुपिंघाट खोला सुधार कार्य | ५ | खोला सुधार | ४९५,८२६।५६ | | १४५,०००।०० | ४९४,७२३।०० | ३४९,७२३।०० | ५०३,३८१।३९ | सम्पन्न | गोविन्द तमखु | |
| ५ | सिद्ध पोखरीको दक्षिणतर्फ ब्लक छाप्ने कार्य | १ | पार्किङ बजेट | २,२९७,५५६।३४ | १,८६६,६३७।४४ | ७५०,०००।०० | १,११०,३६०।९६ | ३६०,३६०।९६ | १,२५५,५३९।७३ | आंशिक सम्पन्न | बाबु काजी धौबन्जार | |
| ६ | घत्खादेखि तालाक्वसम्म ढुंगा छपाई बाटो मर्मत | ४ | सडक बोर्ड नेपाल | १,१८६,६९८।९९ | | ३००,०००।०० | ९९९,८४७।२५ | ६९९,८४७।२५ | १,२९४६५१।५६ | सम्पन्न | शोभा प्रजापति | |
| ७ | भनपा भवन अगाडिको बाटोमा ढुंगा छपाई कार्य | २ | नपा | २,३७१,०२५।७९ | प्रथम पेश्की | ७५०,०००।०० | ८७८,८३३।२५ | १२८,८३३।२५ | ९०२,३१३।८६ | सम्पन्न | राम भक्त कोजु | |
| | | | | | दोस्रो पेश्की | ७५०,०००।०० | १,०८२,१२२।०० | ३३२,१२२।०० | १,१४१,७७७।२३ | | | |
| | | | | | जम्मा | **१,५००,०००।००** | **१,९६०,९५५।२५** | **४६०,९५५।२५** | **२,०४४,०९१।०९** | | | |
| ८ | रानी पोखरीमा विद्युतीकरण कार्य | १ | मर्मत | ५१२,३५२।४७ | | १६०,०००।०० | ४४३,५९७।३२ | २८३,५९७।३२ | ४४५,३४८।५९ | सम्पन्न | मदन गाइसी | |
| ९ | महेश्वरी ग्यारेजमा थ्रि फेज लाइन तथा | ७ | मर्मत | ७२,१५८।४८ | | २४,०००।०० | ४४,९७०।०० | २०,९७०।०० | ६३,०९९।५४ | सम्पन्न | रामशरण त्वती | अमानतबाट कार्य सम्पन्न |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्युतीकरण कार्य | | | | | | | | | | | |
| १० | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (पुस महिना) | १-१० | मर्मत | ९८,७६६।४९ | | सामान तर्फ | ३२,११७।९४ | ३२,११७।९४ | ३२,११७।९४ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ६२,९२५।०० | ६२,९२५।०० | ६६,१७०।०८ | | | |
| | | | | | | **जम्मा** | **९५,०४२।९४** | **९५,०४२।९४** | **९८,२८८।०२** | | | |
| ११ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (माघ महिना) | १-१० | मर्मत | ९०,९०९।३० | | सामान तर्फ | १२,२५०।९० | १२,२५०।९० | १२,२५०।९० | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ७०,७००।०० | ७०,७००।०० | ७७,१८३।९९ | | | |
| | | | | | | **जम्मा** | **८२,९५०।९०** | **८२,९५०।९०** | **८९,४३४।८९** | | | |
| १२ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (फागुन महिना) | १-१० | मर्मत | ८४,७३९।८२ | | सामान तर्फ | २८,७७१।८० | २८,७७१।८० | २८,७७१।८० | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ५०,१२५।०० | ५०,१२५।०० | ५५,९६८।०३ | | | |
| | | | | | | **जम्मा** | **७८,८९६।८०** | **७८,८९६।८०** | **८४,७३९।८३** | | | |
| १३ | सुकुलढोका क्षेत्रमा आवश्यक नयां रेन इनलेट निर्माण कार्य | ५ | मर्मत | २०,५६४।७२ | | सामान तर्फ | १४,४९४।४२ | १४,४९४।४२ | १४,४९४।४२ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ३,४५०।०० | ३,४५०।०० | ६,०७०।३० | | | |
| | | | | | | **जम्मा** | **१७,९४४।४२** | **१७,९४४।४२** | **२०,५६४।७२** | | | |
| १४ | भनपाका विभिन्न स्थानमा राख्नका लागि आवश्यक नयां रेन इनलेट निर्माण कार्य | १-१० | मर्मत | ९७,४६५।६८ | | सामान तर्फ | ६७,८८२।२१ | ६७,८८२।२१ | ६७,८८२।२१ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | २३,०००।०० | २३,०००।०० | २९,५८३।४७ | | | |
| | | | | | | **जम्मा** | **९०,८८२।२१** | **९०,८८२।२१** | **९७,४६५।६८** | | | |

**म्याद थप सम्बन्धमा**

१ भ.न.पा. वडा नं. १० स्थित बेखाल कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) (ठेक्का नं. bktmun/NCB/works/02 /078/79 सम्पन्न गर्नको लागि श्री तुल्सी कन्स्ट्रक्सन, भक्तपुरको निवेदन र प्राविधिक प्रतिवेदन अनुसार मिति २०८० वैशाख मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्माण समितिको मिति २०७९/१२/१५ गतेको बैठकको निर्णयहरू :**

| **क्र.सं** | **योजनाका विवरण** | **वडा नं** | **बजेट शीर्षक** | **ल.ई.रकम** | **रिल.ई./ कबोल रकम** | **पेश्की** | **खर्च रकम** | **भुक्तानी रकम** | **मूल्यांकन रकम** | **योजनाको अवस्था** | **कार्य गर्ने** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हाडा छें पुन:निर्माण कार्य (दोस्रो चरण) | ४ | नपा | ८,७९५,९३१।२९ | | | | | | | | |
| २ | शारदा मा.वि. भवन निर्माण कार्य | २ | नपा | २,१६४,३६३।२२ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (छाना छाउने काठ) | | | | | | | | | | | |
| ३ | कमल विनायक प्लानिंगमा सडक पेटी निर्माण कार्य | १० | सडक कालोपत्रे | २,१८०,०००।०० | | | | | | | | |
| ४ | गपली ढुगेधारादेखि बाराही पुलसम्म सडक पीच तथा पेटी निर्माण | ४ | सडक कालोपत्रे | २,१९२,३७८।६३ | | | | | | | | |
| ५ | भार्वाचो गणेश मन्दिर अगाडिको पाटीको छाना मर्मत कार्य | १ | मर्मत | ५४३,६५६।६७ | | | | | | | | |
| ६ | भार्वाचो उकालो पाटीको छाना मर्मत | १ | मर्मत | ३६१,९९०।०० | | | | | | | | |
| ७ | २ हर्ज पावर वाटर पम्प जडान तथा प्लम्बिंग÷विद्युतीय मर्मत कार्य | २ | मर्मत | २४०,६१४।५४ | | | | | | | | |
| **रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | कमल विनायक प्लानिंग अन्डरग्राउन्ड खानेपानी ट्यांकी निर्माण कार्य | १० | बाग्मती प्रदेश सशर्त अनुदान | ३,१७६,८८९।०३ | ३,३५९,५९९।०४ | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | नपा भवन परिसरमा ढुंगा छपाई कार्य (दोस्रो चरण) | २ | नपा | २,१२८,८४५।७८ | | | उ.स.अ. : श्री रामभक्त कोजु अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | शारदा मा.वि.को दोस्रो तल्ला निर्माण कार्य | २ | आर्थिक सहयोग | २,०६४,६३९।०५ | | | २०८० वैशाख मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | शारदा मा.वि.को दोस्रो तल्ला निर्माण कार्य | २ | आर्थिक सहयोग | २,०६४,६३९.०५ | | ६६०,०००।०० | १,९९९,९००।०० | १,३३९,९००।०० | २,४८१,०२४।९५ | सम्पन्न | रत्न काजी नाय भारी | |
| २ | मुपुज्व सल्लाघारी कुवा तथा बाटोको वर्खाको पानी निकास मर्मत कार्य | १ | मर्मत | १,१८६,०६८।७५ | | ३९०,०००।०० | ७८४,८७१।२१ | ३९४,८७१।२१ | १,१२३,९०१।८६ | सम्पन्न | रोशन बाइजु | उ.स.ले व्यहोरिएको रकम रू. १ लाख |

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :-

क. साविक भ.न.पा. वडा नं. १५ हाल ऐ.ऐ. वडा नं. २ स्थित यति फ्याब्रिक लि. को नाउंमा भू.सु. तथा मा.पो. का.भ.पु.मा दर्ता कायम भएको भ.न.पा. वडा नं. १५(ख) कि.नं. क्रमशः ९६, २२८ र २२६ को क्षे.फ. क्रमशः २-४-२-०, ३-२-१-० र ०-५-३-० कित्ता जग्गाहरुमा मिति २०४८।११।५ मा नक्सा पास गरी बनाएको घर र टहरा मिति २०७४।३।३ गते आगलागी भई भौतिक संरचना पूर्ण रुपमा ध्वष्ट भई हाल कुनै पनि संरचना नरहेको र सो अवधिसम्म व्यवसायिक कर सालसालै तिरिएकोमा आगलागी पछि व्यवसाय घाटामा गएकोले आ.व. २०७३/०७४ सम्मको घर मूल्यांकन गरी त्यसपछिदेखि हालसम्मको कर छुट पाऊं भनी दिनु भएको निवेदन सम्बन्धमा मिति २०७४।३।३ गते आगलागी भई भौतिक संचरना पूर्ण रुपमा ध्वष्ट एवम् क्षति भई व्यवासय घाटामा गई हालसम्म कारखाना संचालन नभएकोले आ.व. २०७३/०७४ सम्मको घरको मूल्यांकन गरी आ.व. २०७४/०७५ सालदेखि घर मूल्यांकन कर छुट दिएमा कुनै फरक पर्दैन भनी सम्बन्धित वडा कार्यालयबाट सर्जमिन मुचुल्का भई आएको हुंदा उक्त कम्पनीको शुरुदेखि हालसम्म तिर्नु पर्ने रु.५२,३७,४२३।- मध्ये उक्त ठाउंमा आ.व . २०७३/०७४ देखि भौतिक संरचना केही नभएकोले जग्गाको मालपोत मात्र लिई घरको मूल्यांकन रु.२५,४२,४९० छुट गरी रु.२६,९४,९३३।- रुपैया कर असुल गर्ने निर्णय गरियो ।

ख. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं. १४५४, मिति २०७९।११।२८ गतेको पत्रानुसार यस नगरपालिकामा कार्यरत दुई जना एम.आई. एस अपरेटर र एक जना फिल्ड सहायकको ६ महिना बराबरको पारिश्रमिक रकम तहां कार्यालयबाट साझेदारीको लागि अनुरोध छ भनी पठाइएको पत्र सम्बन्धमा छलफल हुंदा आ.व. २०८०/०८१ को लागि उल्लेख कर्मचारीहरुको १३ महिना (चाडवाड खर्च सहित) मध्ये ६ महिना बराबरको पारिश्रमिक यस नगरपालिकाले व्यहोर्ने गरी साझेदारीको लागि प्रतिवद्धता व्यक्त गरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा पत्राचार गर्ने निर्णय गरियो ।

ग. बाराही पुल परिसर व्यवस्थापन समितिबाट पेश गरेको प्रतिवेदनमा औंल्याइएका तत्काल गर्नुपर्ने कार्य अन्तर्गतका सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोर मैला संकलन गर्ने बा १ ग २२६५ नं गाडीमा तेलपिन काउन सेट, वेगल सेट तथा अन्य सामान फेरे वापत रु.८२,७१६।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित D ३१९ ३५७७ नं. को बुल डोजरमा छुट साईवर, रेडि वायर तथा अन्य सामान फेरेवापतको रु.९८,७२५।९० र बा १ क ८१५६ नं को स्काई भाईटर चेन डोजरमा मोविल फेरेको, मोबिल फिल्टर, डिजेल फिल्टर तथा अन्य सामान फेरेबापतको रु.५५,४०६।१६ गरी कुल जम्मा रु.१५४,१३२।०६ हाम्रो हेभी इकुपमेन्ट वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा संचालित B ac ५८२२ नं गाडीमा वोयल फिल्टर, ईयर फिल्टर तथा फ्युल फिल्टर  फेरेबापतको रु. ८,७७८।२५ डियरवाक अटो सर्भिसेस प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. मिति २०७९ माघ २५, २६ र फागुन २, ४, ५, ८, १०, २५ गते आयोजित भक्तपुर नगरपालिकाको १३ औं नगरसभमा सहभागी सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई खाजाको व्यवस्था गरे वापतको रु.३,३५,८८१।२ र अन्तर नगरपालिका खोखो खेल प्रतियोगितामा खेलाडी एवम् अतिथिहरुलाई खाजाको व्यवस्था गरे वापतको रु.६९,७७५।५ गरी जम्मा रु.४,०५,६५८।७ सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. भ.न.पा कार्यालयको ग्यारेजमा रहेको गाडी सफा गर्ने मेशिनमा आयल शिल, स्प्रिङ क्लाम, नोजल, गन र क्लिप फेरेवापतको रु. २९३५।- तुलसी राम हेंगजुलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. नपामा विभिन्न समयमा खाजा व्यवस्था गरे वापतको रु.९७,२७०।- दिव्य स्विट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. नपामा विभिन्न समयमा फलफूल तथा बिस्कुट व्यवस्था गरे वापत रु.१८,३००।- आर.के.जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. नपामा विभिन्न समयमा खाजा व्यवस्था गरे वापतको रु.३,०००।- झः छें नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. इटालियन नागरिक Mr. Brando Quilici ले चलचित्र छायांकनको लागि राखेको धरौटी रु. ३,००,०००।- फिर्ता माग गरेको हुंदा निजले मञ्जुरीनामा दिई पठाएको Ms. Carolyn Syangbo लाई धरौटी फिर्ता दिने निर्णय गरियो ।

ड. बागमती प्रदेश स्तरीय तेश्रो आमन्त्रित मेयरकप तेक्वाण्डो प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न भक्तपुर नगरपालिका वडा नं. ९ का वडा सदस्य ज्ञान बहादुर मानन्धरले रु.१,००,०००।- पेश्की लिएकोमा जम्मा रु.१०,६,०००।- बराबरको खर्च भर्पाई पेश गरी नपुग रकम रु.६,१००।- भुक्तानी दिई निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।

ढ. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७९ पुष ५ देखि ८ गतेसम्म भएको नगरव्यापी विद्यालय स्तरीय टेबुलटेनिस, भलिबल, फुटसल, कब्बडी, खो खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, करांते, उसु, टेक्वाण्डो, पोर्टबल र कसिमला पाय् खेल प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न १ वडाका वडाध्यक्ष श्याम कृष्ण खत्रीले रु.१४,००,०००।- पेश्की लिएकोमा जम्मा रु.१२,१४,३२४।- बराबरको खर्च भर्पाई पेश गरी बढी रकम रु.१,८५,६७६।- न.पा. मा दाखिला गराई निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय ग रियो ।